महाभारत गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देविटार काभ्रे

बागमती प्रदेश, नेपाल

बोलपत्र पेस गर्ने म्याद थप गरिएको सम्बन्धी सूचना

प्रकाशित मिति: २०८३/०७/१७

यस कार्यालयबाट मिति २०८३/०६/२७ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना अनुसार Prashasakiya Bhawan Gherbar tatha Landscaping Karya, IFB No. WORKS/MRMO/083-84/07 का लागि बोलपत्र पेस गर्ने अन्तिम मिति २०८३/०७/१७ गते रहेकोमा हाल भएको अविरल वर्षाका कारण वि.पि. राजमार्ग लगायत विभिन्न स्थानमा पहिरो गई मुख्य सडक यातायात अवरुद्ध भएको, विद्युतको केन्द्रिय लाइन अवरुद्ध तथा इन्टरनेटमा आएको सम्स्याका कारण सम्भावित बोलपत्रदाताहरूलाई निर्धारित समयमा बोलपत्र पेस गर्न कठिनाइ उत्पन्न हुन सक्ने अवस्था देखिएकोले बोलपत्रदाताहरूको सहभागिता तथा प्रतिस्पर्धात्मक अवसर सुनिश्चित गर्ने उद्देश्यले बोलपत्र सम्बन्धी कागजातको ITB clause no. 19.2 बमोजिम बोलपत्र पेस गर्ने म्याद देहायअनुसार थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८३/०७/१६ गते रहेकोमा म्याद थप गरी २०८३/०७/३० गते कार्यालय समयभित्र कायम गरिएको छ।

२. बोलपत्र पेस गर्ने अन्तिम मिति २०८३/०७/१७ गते रहेकोमा म्याद थप गरी २०८३/०८/०१ गते १२:०० बजे कायम गरिएको छ।

साथै, बोलपत्रको अवधी (Bid validity period) तथा बोलपत्र जमानतको अवधी (Bid security validity period) सुरुको सूचनामा उल्लेख भएबमोजिम नै कायम रहनेछ। अन्य सर्तहरू तथा बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएका प्रावधानहरू यथावत् रहनेछन्।

प्रमुख प्रशासकीय अधिकृत